# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा तर्फ विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृतस्तर नवौं तहका पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २५३/२०८०-८१, मिति २०८०/१२/२६ गते सोमबार**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाका अधिकृतस्तर नवौं तहका देहायका प्राविधिक र अप्राविधिक पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) को दफा ३१ बमोजिम बढुवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/०१/३० गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। सम्बन्धित सेवा समूह वा उपसमूहको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिने छ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।
यसरी पर्न आएका दरखास्तहरुलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने व्यवस्था गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनु पर्ने विषयहरुः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ र दफा ४१ बमोजिम बढुवा हुने पदको तह भन्दा एक तह मुनिको पदको लागि तोकिए बमोजिमको योग्यता र न्यूनतम सेवा अवधि, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव तथा सेवाकालीन तालीम प्राप्त गरेको हुनु पर्नेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कितावखानाबाट आफुले पाएको संकेत नम्बर (सिट रोल नं.) अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
५. दरखास्त साथ बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवासँग सम्बन्धित विषयको तीस कार्य दिन वा सो भन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
७. दरखास्त दस्तुर रु. २०००।— (रु दुई हजार मात्र) बुझाउनु पर्नेछ।
   दरखास्त दस्तुर बुझाउने स्थानः-
   राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा
   नेपाल बैंक लिमिटेड, खाता नं. २७००२००००१००१००००१ वा
   कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७
   कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)
   राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु**

**क) प्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | २६/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, वि. एण्ड आ. | १ |
| २. | २७/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, इरिगेशन | १ |

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| ३. | २८/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| ४. | २९/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, जनरल | २ |
| ५. | ३०/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, हाइवे | १ |
| ६. | ३१/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, कृषि प्रसार | १ |
| ७. | ३२/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, एग्री इको. एण्ड मार्केटिङ्ग | १ |
| ८. | ३३/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, एग्रोनोमी | १ |
| ९. | ३४/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, प्लान्ट प्रोटेक्सन | १ |
| १०. | ३५/२०८०-८१ | अधिकृत | ९ | प्रदेश वन, जनरल फरेष्ट्री | ४ |
| ११. | ३६/२०८०-८१ | अधिकृत | ९ | प्रदेश शिक्षा, शिक्षा प्रशासन | २ |
| १२. | ३७/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, प.हे.ए./ए.चि. | १ |
| १३. | ३८/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, हेल्थ एजुकेशन | १ |
| १४. | ३९/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, हेल्थ इन्सपेक्सन | २ |

ख) अप्राविधिक तर्फः

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ४०/२०८०-८१ | अधिकृत | ९ | प्रदेश प्रशासन, सामान्य प्रशासन | ८ |

## प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृतस्तर नवौं तहका पदहरुको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २५४/२०८०-८१, मिति २०८०/१२/२६ गते सोमबार**

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाका अधिकृतस्तर नवौं तहका देहायका प्राविधिक र अप्राविधिक पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) को दफा ३१ बमोजिमको न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त गरेका बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/०१/३० गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। सम्बन्धित सेवा समूह वा उपसमूहको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिने छ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।
यसरी पर्न आएका दरखास्तहरुलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने व्यवस्था गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनु पर्ने विषयहरुः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६, ३७, ३८ र ३९ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ३५ बमोजिम हुनेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कितावखानाबाट आफुले पाएको संकेत नम्बर (सिटरोल नं.) अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
५. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो को अवधि तथा गयल गट्टी भएको भए सो को विवरण खुलाई पेश गर्नुपर्नेछ ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
७. दरखास्त दस्तुर रु. २,०००।— (रु दुई हजार मात्र) बुझाउनु पर्नेछ।

दरखास्त दस्तुर बुझाउने स्थानः-

राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा

नेपाल बैंक लिमिटेड, खाता नं. २७००२०००००१००१००००००१ वा

कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७

कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)

राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

**कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु**

**क) प्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ४१/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, वि. एण्ड आ. | २ |
| २ | ४२/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, इरिगेशन | १ |
| ३ | ४३/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, हाइड्रोपावर | १ |
| ४ | ४४/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| ५ | ४५/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, जनरल | २ |
| ६ | ४६/२०८०-८१ | अधिकृत | ९ | प्रदेश इन्जिनियरिङ, सिभिल, हाइवे | १ |
| ७ | ४७/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, ला.पो. एण्ड डे.डे. | १ |
| ८ | ४८/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, भेटेरिनरी | १ |
| ९ | ४९/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, फिसरिज | १ |
| १० | ५०/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, कृषि प्रसार | १ |
| ११ | ५१/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, एग्री इको. एण्ड मार्केटिङ्ग | १ |
| १२ | ५२/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, हर्टिकल्चर | १ |
| १३ | ५३/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, एग्रोनोमी | १ |
| १४ | ५४/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, प्लान्ट प्रोटेक्सन | १ |
| १५ | ५५/२०८०-८१ | अधिकृत | ९ | प्रदेश कृषि, स्वायल साइन्स | १ |
| १६ | ५६/२०८०-८१ | अधिकृत | ९ | प्रदेश वन, जनरल फरेष्ट्री | ५ |
| १७ | ५७/२०८०-८१ | अधिकृत | ९ | प्रदेश वन, स्वायल एण्ड वाटर कन्जरभेसन | १ |
| १८ | ५८/२०८०-८१ | अधिकृत | ९ | प्रदेश शिक्षा, शिक्षा प्रशासन | २ |
| १९ | ५९/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, प्याथोलोजी | १ |
| २० | ६०/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | १ |
| २१ | ६१/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, प.हे.ए./ए.चि. | १ |
| २२ | ६२/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, आयुर्वेद | १ |
| २३ | ६३/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, हेल्थ एजुकेशन | १ |
| २४ | ६४/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, हेल्थ इन्सपेक्सन | २ |
| २५ | ६५/२०८०-८१ | अधिकृत | ९ | प्रदेश स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी | १ |

**ख) अप्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ६६/२०८०-८१ | अधिकृत | ९ | प्रदेश प्रशासन, सामान्य प्रशासन | ९ |